# कविता को मृत्यु

आजकल कविता हरु
खंडित भएका छन
बिसृङखलित भएका छन
अष्ठ दिशामा बिभक्त कविता
आदिम कविला समाजको ठालु जस्तै
झुण्ड झुण्डको प्रतिनिधि बनेर हिँडेको छ
आजकल
कविता जुलस बन्छ
कविता  तरबार बन्छ
कविता  दमदम बन्छ
कविता  दरबार बन्छ
मेचि महाकालि पीडा भन्दा
कविता भरेङ बन्छ
कविता जयजयकार  बन्छ
कविता मुर्दाबाद ,जिन्दाबाद बन्छ
कविता स्तुति बन्छ
सडक भरि छरिएका छन कविता
निर्दयका साथ कुल्चिएका छन कविता
आकाश भरि उडेका छन शक्ति  कविता
कविता बधको लागि
बिस्कुन छ घाइते कविता
आमा कविता
आजकल कविता कतै आशा भएकाछन
आजकल कविता कतै आँशु भएकाछन
कसैको अट्टहाश भएकाछन
पानि जस्तै निराकार कविता
बगेर ठुलो भाँडो तिर दगुर्छ
कविता कतै  बाफिएको छ
कविता कतै  हजुरि तामेली मै छ

बिभक्त छ कविता
रोग ग्रस्त छ कविता
गोल घर भित्र कडि पहिरियर बन्दि छ केहि कविता
आजकल
कविता मा देश बोल्दैन
आजकल कविता लेखिइ रहेको छैन
आजकल कविता पढिइ रहेको छैन

यी बिज्ञापन हुन
शिष्ठ र मीठास शब्दको जागिरे एप्लिकेसन
कविता को मृत्युभै सकेको छ
मृत कविताका  नायक
कवि को मृत्युभै सकेको छ

तर कविता लेखिइ रहेको छ ।

कपिल अधिकारी
ताइपेई, ताइवान

June 20,2004